
# सूचनाको हक: व्यावहारिक पक्ष






फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
फिदिम, पाँचथर

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३



# सूचनाको हकः व्यावहारिक पक्ष

*(यो लेख सूचनाको हकको प्रयोग र प्रचलनलाई थप व्यवस्थित र व्यावहारिक बनाउन फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालयद्वारा तयार गरिएको हो । यस लेखमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सो को नियमावली, २०६५ का मुलभूत प्रावधानलाई व्यावहारिक रुपमा संक्षेपीकृत गरिएको छ ।)*

## १. सूचनाको हक भनेको के हो ?

सार्वजनिक निकायमा रहेको आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग गर्ने वा पाउने हकलाई सूचनाको हक भनिन्छ । यो नागरिकको सुन्न पाउने, जान्न पाउने र सु सूचित हुन पाउने हक हो । नागरिकलाई सचेत र सार्वजनिक निकायलाई जवाफदेही बनाउने सशक्त माध्यम हो ।सार्वजनिक निकाय जनतालाई आवश्यकीय सेवा, सुरक्षा र स्थायित्व प्रदान गर्ने जनउत्तरदायी संस्था हो अतः सार्वजनिक निकायका काम कारबाही सम्बन्धी विषय सार्वजनिक सुनुवाईका विषय हुन्छन र नागरिकले जान्न पाउनु पर्ने हुन्छ । यही नै सामान्य अर्थमा सूचनाको हक हो । यो नागरिकको संवैधानिक र कानुनी हक हो ।

**सूचनाको हकसम्बन्धी ऐन, २०६४** अनुसार सूचनाको हक भन्नाले देहायका विषय पर्दछन ।

- सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार । सो शब्दले
- सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने,
- त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने,
- सार्वजनिक महत्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने वा कुनै सामग्रीको प्रम्राणित नमूना लिने,
- कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ ।

## २. सूचनाको हक कस्तो अधिकार /हक हो ?

नेपालको संविधान (२०७२) धारा २७ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सो को नियमावली, २०६५ द्वारा प्रदान गरिएका र नागरिकले सु-सुचित हुन पाउने संवैधानिक र कानुनी अधिकार हो ।

## ३. सुचनाको हकलाई मौलिक हकको रुपमा मानिनुको कारण के हो ?

नेपालको सन्दर्भमा नेपाल अधिराज्यको संविधान, २०४७ ले सूचनाको हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको थियो । ततपश्चात नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान संविधानले समेत यसलाई मौलिक हकको रुपमा स्वीकार गरेको छ । अतः सूचनाको हक विशिष्ट प्रकृतिको हक हो । नेपालको संविधानको धारा २७ मा यस सम्बन्धी व्यवस्था रहेको छ ।आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सुन्न, जान्न र सु सूचित हुन पाउने हक नागरिकका आधारभूत हकहरु भएकोले यसलाई मौलिक हकको रुपमा संविधानले परिभाषित गर्ने परिपाटीको शूरुवात भएको हो । मौलिक्र हकको प्रचलन सरकार वा संसदको स्वविवेकीय (Discretionary) अधिकारको विषय होइन । यद्यपी यसको कार्यान्वयनका लागि कार्यविधिहरु विधायिका वा कार्यपालिकाले बनाउन सक्ने प्रावधान रहेकोमा नेपालको संविधानले हाल फरक अभ्यास गर्ने प्रयत्न गरेको छ । नेपालको संविधानको धारा ४७ बमोजिम मौलिक हकको प्रयोग र प्रचलन कानून बमोजिम मात्र हुने संवैधानिक प्रबन्ध गरेको कारणले मौलिक हकहरु legislative wisdom का विषय हुन सक्दैनन् भन्ने विषयमा विषयान्तर भई फरक सिदान्तको रुपमा विकषित भएको छ ।

सूचना अधिकारी



फिदिम नगरपालिका, पाँचथर

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३



**धारा २७ : सूचनाको हकः प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।**

**तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।**

**धारा ४७: यस हकद्वारा प्रदत्त हकको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ ।**

## ४. सार्वजनिक निकायबाट सूचना प्राप्त गर्ने प्रकृया के / कस्तो रहेको छ ?

- **सार्वजनिक निकायबाट स्वतः सूचना प्राप्ति/प्रकाशन**

सार्वजनिक सरोकारको विषयक सूचना तथा कार्यालयका काम कारबाही सम्बन्धमा आम नागरिकको सु सूचित हुने हकलाई प्रत्याभूत गर्न सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना नियमित रूपमा अद्यावधिक गरी राख्नु पर्ने हुन्छ । सूचनाको हकलाई कार्यान्वयन गर्ने सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायले सम्भव भए सम्म उक्त ऐन लागू हुनुभन्दा कम्तीमा बीस वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । ऐ ऐनको दफा ५ को उपदफा (३) बमोजिम सार्वजनिक निकायले प्रत्येक ३ महिनामा देहायका विवरण अद्यावधिक गरी सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था रहेको छ ।

क. निकायको स्वरुप र प्रकृति,
ख. निकायको काम, कर्तव्य र अधिकार
ग. निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण,
घ. निकायबाट प्रदान गरिने सेवा,
ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,
च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,
छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी,
ज. निर्णय उपर उजूरी सुन्ने अधिकारी,
झ. सम्पादन गरेको कामको विवरण,
ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद,
ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,
ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण,
ड. तोकिए बमोजिमका अन्य विवरण |

फिदिम नगरपालिका, पाँचथर

- **सूचना माग बमोजिमः**

प्रत्येक नागरिकले आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग गर्न सक्दछन । यसरी सूचना माग गर्दा सूचना माग गर्नुको प्रयोजन ( कारण ) खुल्ने गरी सार्वजनिक निकायमा रहेको सूचना अधिकारी समक्ष माग निवेदन पेश गर्नु पर्दछ । सूचना अधिकारीले माग भएको सूचना दिन मिल्ने / नमिल्ने एकिन गरी सम्भव भएसम्म माग भएको समय र स्वरुपमै उपलब्ध गराउँदछन । यदि माग भएको सूचना तत्काल उपलब्ध गराउन नसकिने अवस्था भएमा उक्त सूचना तथा विवरण संकलन गरी १५ दिनभित्र सूचना उपलब्ध गराउछन । तर कुनै व्यक्तिले जीउ- ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना भने माग भएको २४ घण्टाभित्र उपलब्ध गराउनु पर्दछ ।

सूचना अधिकारी

**५. सूचना माग/प्राप्त गर्न शुल्क लाग्छ /लाग्दैन ?**

सूचनाको हक सम्बन्धी नियमावलीको नियम ४ मा सूचना बापत लाग्ने दस्तुर सम्बन्धी व्यवस्था रहेको छ। उक्त प्रावधानअनुसार मुख्यतः सामान्य आकारको कागतमा तयार पारिएको सूचना १० पृष्ठ सम्म निशुल्क र सो भन्दा बढि भएमा

- सामान्य आकारको कागतमा तयार पारिएको सूचना – प्रति पृष्ठ रू. ५
- ठुलो आकारको कागतमा तयार पारिएको सूचना – प्रति पृष्ठ रू. १०
- डिस्क तथा सिडि बाट प्रदान गरिने सूचना – प्रति डिस्क/सिडि रू. ५०
- निकायको लिखत/सामाग्री, निर्माण स्थल, काम कारबाही को भ्रमण अवलोकन- आधा घण्टासम्म निशुल्क र सो पश्चात प्रतिघण्टा रू. ५०

  **तर सूचना तयार गर्दा उल्लिखित भन्दा बढि खर्च लाग्ने भएमा सोही बमोजिम दस्तुर लगाउन सकिनेछ।**

**६. सार्वजनिक निकायले सूचना दिन नमानेमा के कस्तो व्यवस्था रहेको छ ?**

- सूचना अधिकारीले सूचना दिन नमानेमा, सूचना माग दर्ता नगरेमा वा गलत सूचना दिएमा सूचना मागकर्ताले कार्यालय प्रमुख समक्ष सात ७ दिनभित्र उजुरी दिन सक्नेछ
- सोही निवेदन /उजुरी बमोजिम कार्यालय प्रमुखले सात दिनभित्र सूचना प्रदान गर्न सूचना अधिकारीलाई निर्देशन गर्नेछ
- सात दिनभित्र सूचना नदिएमा सूचना मागकर्ताले राष्ट्रिय सूचना आयोगमा उजुरी दिन सक्नेछन।

**७. के सबै प्रकारका सूचना माग्न वा पाउन सकिन्छ ?**

सामान्यतयाः सार्वजनिक निकायका काम कारबाहीहरु जनलक्षित रहने हुँदा बढी भन्दा बढी पारदर्शी र पहूँचयोग्य हुनुपर्दछ। यद्यपी कानुनले बर्जित गरेका सूचना भने गोपनीय रहन्छन। यस सम्बन्धमा वर्तमान संविधानको धारा **२७ मा** "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। **तर कानून बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन।"** भन्ने व्यवस्था रहेको छ।

**८. कस्ता सूचना गोपनीय राख्ने सूचनाका विषयहरु हुन ?**

वर्तमान संविधानको धारा २८ मा गोपनीय राख्नुपर्ने आधारभूत विषयहरु उल्लेख गरिएको छ।

**धारा २८**: गोपनीयताको हक : कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ।

गोपनीयताको हकको कार्यान्वयन गरी व्यक्तिगत गोपनीयताको अतिक्रमण हुन नदिन वैयक्तिक गोपनीयताको हक सम्बन्धी ऐन, २०७५ ले कानुनी मार्ग प्रशस्त गरेको छ।

**सूचनाको हक सम्बन्धी ऐन,** २०६४ दफा ३ को उपदफा (३) बमोजिम देहायका विषय गोपनीय रहने व्यवस्था रहेको छ।

**क.** नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

**ख.** अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

**ग.** आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने

**घ.** विभिन्न जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने,

**ङ.** व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने।

## ९. सूचना अधिकारी वा कार्यालय प्रमुखले सूचना दिन नमानेमा के कस्तो कानुनी व्यवस्था रहेको छ ?

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारण विना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा राष्ट्रिय सूचना आयोगले आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई

- समयमा दिनु पर्ने सूचना विना कारण समयमा उपलब्ध नगराई ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो प्रति दिन दुई सय रुपैयाँको दरले जरिबाना वा
- एक हजार देखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा
- कार्यालय प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा सिफारिस समेत गर्न सक्ने छ।

साथै मनासिब कारण विना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेकोकारण कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएमा निवेदकले तीन महिना भित्र राष्ट्रिय सूचना आयोगमा निवेदन दिन सक्ने र आयोगले जाँचबुझ गर्दा मनासिब देखिएमा मनासिब माफिकको क्षतिपुर्ती सम्बन्धित निकायबाट भराई दिन सक्ने व्यवस्था रहेको छ।

## १०. सूचना माग कर्ताले सूचनाको दुरुपयोग गरेमा के कस्तो व्यवस्था रहेको छ ?

कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरुपयोग गर्न हुँदैन। सूचना मागकर्ताले सूचनाको दुरुपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा राष्ट्रिय सूचना आयोग समक्ष उजूरी गर्न सक्नेछ।

र आयोगले सूचनाको दुरुपयोगको गम्भीरता हेरी उक्त व्यक्तिलाई पाँच हजार देखि पच्चीस हजार सम्म जरिबाना गर्न सक्नेछ।

फिदिम नगरपालिका, पाँचथर

सूचना अधिकारी

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७२



## ११.सूचना माग गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन ?

- सूचना माग गर्दा सूचना माग गर्नुको प्रयोजन/कारण स्पष्ठ उल्लेख गर्ने,
- सूचना मागकर्ताले मिति स्पष्ठरुपमा लेख्ने ,
- २ प्रति निवेदन लेख्ने सो को १ प्रति कार्यालयमा दर्ता गराउने र १ प्रति आफुले राख्ने,
- "सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्दछु । " भनि एक वाक्यांशमा माग गर्ने,
- लामो /झण्झटिलो बेहोरा बाध्न नभई संक्षिप्त र स्पष्ठ बेहोरा माग गर्ने,
- एक भन्दा बढी सूचना माग गर्नु पर्ने भएमा बुँदागत रुपमा लेखी माग गर्ने,
- सूचना प्राप्त गर्ने ठेगाना स्पष्ठ रुपमा उल्लेख गर्ने ,
- जुन प्रयोजनका लागि माग गरिएको हो सोही प्रयोजनका लागि प्रयोग गर्ने ।

फिदिम नगरपालिका, पाँचथर

सूचना अधिकारी

सूचनाको हकः व्यावहारिक पक्ष

## सूचना माग गर्ने निवेदनको नमुना

मितिः २०८../..../.... गते

श्री सूचना अधिकारीज्यू,

फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

फिदिम, पाँचथर ।

विषयः सूचना पाउ भन्ने बारे ।

महोदय

प्रस्तुत विषयमा मेरो .......................................प्रयोजनका लागि यस कार्यालयमा रहेको देहायका सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ बमोजिम पाउँ भनी यो निवेदन पेश गर्दछु । सूचना प्राप्त गर्न लाग्ने दस्तुर नियमानुसार बुझाउन तयार छु ।

देहाय

१.
२.
३.

निवेदक

नामः

ठेगानाः

सम्पर्क नम्बरः

ईमेलः

फिदिम नगरपालिका, पाँचथर

सूचना अधिकारी

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३

अन्त्यमा, सूचनाको हकको प्रयोग र प्रचलनले, नागरिकलाई आफ्नो वा सार्वजनिक महत्वको विषयमा जानकार पार्दै सचेत तुल्याउँछ भने सार्वजनिक निकायलाई आफ्ना काम कारबाही प्रति बढी भन्दा बढी जवाफदेही तुल्याउँछ। नागरिक बडापत्र, स्वत प्रकाशन प्रतिवेदन, सूचनाको प्रसारण जस्ता विविध माध्यमबाट जानकारी दिदै काम कारवाहीलाई पारदर्शी बनाउँछ।

- नागरिकलाई सचेत तुल्याँउछ।
- सार्वजनिक निकायको काम कारबाहीलाई पारदर्शी बनाउँछ।
- सूचनामा नागरिकको पहूँच स्थापित गर्दछ।
- सूचनाको प्रयोग र प्रचलनको सु संस्कार विकास गर्दछ।
- सार्वजनिक निकायलाई आफ्ना सूचना तथा अभिलेख व्यवस्थापन गर्न प्रेरित गर्दछ।
- सेवाको प्रकृया र विषयलाई प्रसार गरी सेवा प्रवाहलाई सरल गराउँछ।
- शासन प्रकृयालाई सन्तुलित बनाउँछ।

नागरिक र सार्वजनिक निकायलाई सूचनाको सु सम्बन्धमा स्थापित गरी शासन प्रकृयालाई प्रतिफलयोग्य, नागरिकमैत्री र जवाफदेही बनाउने सूचनाको हक नागरिक अधिकार, लोकतन्त्र, सुशासनको आधारस्तम्भ हो। यसलाई oxygen of Democracy का रुपमा समेत बुझिन्छ।

फिदिम नगरपालिका, पाँचथर

(भुवन कुमार शाही)
.............................................
सूचना अधिकारी

.............................................
प्रविनहाङ योङहाङ
प्रमुख प्रशासकीय अधिकृत

सूचना अधिकारी